बुटवल, नेपाल

सचिव बैठक न : २३
मिति :

२०७५।११।१५

उपस्थिति

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री सनत कुमार दवाडी | सचिव | प्रदेश प्रमुखको कार्यालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री टिकाराम पौडेल | शाखा अधिकृत | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. अघिल्ला सचिव बैठकहरुवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा विस्तृत छलफल भयो । यस सम्वन्धमा देहायबमोजिम गर्ने ।

क. प्रदेश स्थापना दिवसका सन्दर्भमा सबै मन्त्रालयमा सम्पादन भएका गतिविधिहरुको विवरण सबै मन्त्रालयहरुले तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

ख. प्रदेश सरकारको वार्षिक कार्यक्रम कार्यान्वयनका सम्वन्धमा कार्यविधि नै वनाउन वाँकी रहेका मन्त्रालयहरुले अविलम्व कार्यविधि तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।

ग. मन्त्रालयस्तरवाट कार्यक्रम तथा आयोजनाहरुको निरन्तर रुपमा अनुगमन गर्ने, गराउने।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल

प्रमुख सचिव

घ. पूर्व पश्चिम लोकमार्गको यस प्रदेशमा पर्ने खण्डको कम्तिमा महिनाको एक पटक सम्वद्ध स्थानीय तहको नेतृत्वमा राजनीतिक दलका प्रतिनिधिहरु, स्थानीय तहका निर्वाचित पदाधिकारीहरु, कर्मचारी, सुरक्षा निकायहरु समेतलाई परिचालन गरी सरसफाई गर्ने कार्यालाई निरन्तरता दिने । यस कार्यको समन्वय आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

२. सवै मन्त्रालयहरुले अनुदानलगायतका कार्यक्रमहरुको दोश्रो किस्ता भुक्तानी दिनुभन्दा पहिले अघिल्लो किस्ता भुक्तानी पछि सम्झौताको शर्त बमोजिम भएका क्रियाकलापहरुको प्रगति विवरण लिई स्थलगत अवलोकन वा अनुगमन समेत गरी गराई सम्झौताको पूर्ण पालना भएको भए मात्रै भुक्तानी दिने ।

३. विनियोजित वजेटबाट कार्यक्रमहरुको ठेक्का लगाउँदा विनियोजित बजेटभन्दा न्यून रकमको ठेक्का लागि वजेट बाँकी रहेमा सो बजेटबाट सोही आयोजनाको थप कार्यक्रम वा आवश्यक परे कार्यक्रम संशोधन र रकमान्तर गरी अन्य कुनै चालू कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

४. विपद व्यवस्थापन सम्वन्धमा विभिन्न मन्त्रालयहरुमा वजेट विनियोजन भएको र हालसम्म आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट तत्सम्वन्धी कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत गराई कार्यान्वयन भएको पाइयो । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयमा पनि विपद्सम्वन्धी कार्यक्रम रहेको हुँदा आन्तरिक मामिला तथा कानून मन्त्रालयकै कार्यविधि अनुकूल र आवश्यक परेमा संशोधन समेत गरी विपद्सम्वन्धी कार्यक्रम एउटै कार्यविधि र एउटै कोषबाट समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने ।

५. नेपाल सरकारको निर्णयबाट प्रदेश नं ५ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भई आउनु भएका सचिव (कानून) श्री राजेन्द्र थापालाई स्वागत गर्ने ।

६. प्रदेशका मन्त्रालय र अन्तरगत निकायहरुबाट सम्पादन हुने कार्यक्रमहरुमा सबै मन्त्रालयका सचिवहरुलाई आमन्त्रण गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका हकमा प्रमुख सचिवको सट्टा कार्यालयका सबै तीनजना सचिवहरुलाई आमन्त्रण गर्ने ।

प्रमुख सचिव